फोन नं. ९८५४०४५३४२

स्थानीय सरकार

# फिक्कल गाउँपालिका

**Phikkal Rural Municipality**

## गाउँ कार्यपालिकाको कार्यालय

**Office of Rural Municipal Executive**

खाङसाङ, सिन्धुली

Khangsang, Sindhuli

बागमती प्रदेश, नेपाल

Bagmati Province, Nepal

**प.स. (Ref.No.) :-** २०८२/०८३

**च.नं. (Dispatch No.) :-**

---

## कवाडी सामान बिक्रीको लागि दररेट माग सम्वन्धिको सूचना ।

**दोश्रो पटक प्रकाशित मिति : २०८२/०७/१४**

फिक्कल गाउँपालिका वडा नं ३ वान्द्रे स्थित मिति २०८१ साल असोज १२ गतेको सुनकोशी नदीमा आएको बाढीले निर्माणधिन कोल्डस्टोरको भवन क्षति भएकोले उक्त भवनको क्षति भएको भाग भत्काई निस्किएको रड र सोही वडा अन्तर्गत फिक्कल चुचुरोमा जीर्ण अवस्थामा रहेको स्मार्ट फोनको टावर भत्काइ उक्त सामग्रीहरु लिलाम विक्री गर्नु पर्ने भएकोले मान्यता प्राप्त निकायबाट इजाजत प्राप्त इच्छुक व्यक्ति, फर्म वा संस्थाले तोकिएको तपसिल वमोजिमको शर्तहरुको अधिनमा रही दोस्रो पटक सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र प्रति केजी उक्त सामानहरु के कति दरमा लिलाम सकार गर्न सकिन्छ दररेट लिखित रुपमा पेश गर्नहुन सार्वजनिक सूचना आब्सन गरिन्छ ।

१. दररेटको दरभाउपत्र गाउँपालिकावाट सुचना प्रकाशित भएको मितिले **७ (सात)** दिन भित्र प्रोपाइटर वा निजको अधिकृत प्रतिनिधिबाट फिक्कल गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय,खाङसाङ,सिन्धुलीको राजश्व शाखामा दर्ता गराउनु पर्नेछ ।

२. दररेटको दरभाउपत्र पेश गर्दा सम्वन्धित फर्मको उद्योग दर्ता प्रमाण पत्र,आयकरको स्थायी लेखा नम्बर, करमा दर्ता भएको प्रमाणपत्र र **आ.ब.२०८१/०८२** को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि पेश गर्नु पर्नेछ । व्यक्तिको हकमा निवेदन साथ नेपाली नागरीकताको प्रतिलिपि पेश गर्नु पर्नेछ ।

३. दाखिला हुन आएका दरभाउपत्रहरु **८औं दिनको २:०० बजे** फिक्कल गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय,खाङसाङ,सिन्धुलीमा उपस्थित दरभाउपत्र दाता वा निजको अधिकार प्राप्त प्रतिनिधिको रोहबरमा खोलिनेछ । दरभाउपत्र दाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि दरभाउप खोल्न कुनै बाधा पर्ने छैन ।

४.दरभाउपत्र दर्ता गर्ने अन्तिम दिन वा दरभाउपत्र बुझाउने अन्तिम दिन विदा पर्न गएमा सोको लगतै कार्यालय खुलेको कार्यालय समय भित्र दरभाउपत्र दर्ता गर्न सकिनेछ ।

५. दरभाउपत्र खाम वाहिर दरभाउपत्र नं.,दाखिला गर्ने कार्यालयको नाम,कामको विवरण र दरभाउपत्र दाताको नाम,ठेगाना र फोन नं. स्पष्ट लेखिएको हुनुपर्नेछ ।

डम्बरबहादुर रजन मगर

प्रमुख प्रशासकीय अधिकृत

CS Scanned with CamScanner

६. दरभाउपत्र दाताले दररेट उल्लेख गर्दा अंक र अक्षरमा स्पष्ट लेख्नुपर्नेछ । अंक र अक्षरमा फरक देखिएमा अक्षरमा लेखिएको दरलाई मान्यता दिइनेछ ।

७. दरभाउपत्र दाताले दररेट पेश गर्दा मुल्य अभिवृद्धि कर सहितको दररेट पेश गर्नु पर्नेछ ।

८. कुनै सर्त राखी पेश गरेको दरभाउपत्र उपर कारवाही हुनेछैन ।

९ रित नपुगेको, म्याद नाघी पेश हुन आएको दरभाउपत्त्र उपर कुनै कारवाही हुने छैन तथा दररेट दरभाउपत्र स्विकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस गाउँपालिकामा सुरक्षित रहने छ ।

१० यस सूचनामा उल्लेख भएका कुराहरु यसै अनुसार र यसमा उल्लेख नभएका कुराहरुको हकमा प्रचलित नेपाल कानून अनुसार हुनेछ ।

११ अन्य थप जानकारीको लागि यस गाउँपालिकामा सम्पर्क राख्नुहुन अनुरोध गरिन्छ ।

| सि.नं. | ठेक्का नं. | कामको विवरण | मु.अ.कर वाहेकको दर(प्रति किलो) | मु.अ.कर | कुल दर(प्रति किलो) |
|---|---|---|---|---|---|
| १ | १/०८२/०८३ | कोल्ड स्टोर भवनको सामान | | | |
| | | स्मार्ट टेलिकम टावरको सामान | | | |

२०८२।६।१४

प्रमुख प्रशासकीय अधिकृत

**डम्बरबहादुर रजन मगर**
**प्रमुख प्रशासकीय अधिकृत**

Scanned with CamScanner